


जि.प्र.का दर्ता न. :- ३००/२०७८/०७९

# वीरगंज संजाल

BIRGUNJSANJAL.COM साप्ताहिक

विज्ञापनको लागी ठाउँ खाली छ ।
सम्पर्क : ९८२९४७८४४४

वर्ष : १ | अंक : ३० | २०७८ साल चैत १४ गते सोमबार देखि चैत २० गते आईतबार सम्म | पृष्ठ : ८ | मूल्य रु. १० /-

## माइ फिट्नेश जिम कलब द्वारा रक्तदान कार्यक्रम सम्पन्न

न्युज डेस्क, वीरगंज ।

हाल केही दिन देखि वीरगन्जको बल्ड बैंकमा रगतको अभाव कारणले आज शनिबार माइ फिट्नेश जिम कलब द्वारा रक्तदान कार्यक्रम सम्पन्न भएको छ । माइ फिट्नेश जिम कलबको सदस्य राजेश साहले पहिलो बलड दिएर कार्यक्रमको उद्घाटन गर्नुभएको छ । किङ्गस लोउङे वीरगन्ज तथा म.स धोनि फेन कलब वीरगन्जको सहयोगमा र माइ फिट्नेश जिम कलबको आयोजनामा कार्यक्रम सम्पन्न भएको छ । रक्तसञ्चार केन्द्रमा रक्तको अभाव हुन थालेपछि




आकस्मिक रक्तदान कार्यक्रमको आयोजना गरिएको अल्ताफ हुसेनले बताउनु भएको छ । कार्यक्रम अल्ताफ हुसेनको अध्यक्षतामा सम्पन्न भएको छ । रक्तदान कार्यक्रममा ५७ जना ब्याक्तीले रक्तदान गरेका छ्न । जसमा कार्यक्रममा ४ जना महिलाहरुले रक्तदान गर्नुभएको छ । भने ५३ जना पुरुषहरुले रक्तदान गर्नुभएको थियो ।

## डा. सुबोधकुमार गुप्ताद्वारा राजस्व सचिव पुष्करसाग भेटघाट

न्युज डेस्क, वीरगंज ।

वीरगञ्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष डा. सुबोधकुमार गुप्ताको नेतृत्वमा सङ्घको एक शिष्ट मण्डलले राजस्व सचिव कृष्ण हरि पुष्करसँग उहाँकै कार्यकक्षमा भेटघाट तथा छलफल गरेको छ । छलफलका क्रममा सङ्घका अध्यक्ष डा. सुबोधकुमार गुप्ताले पूँजी लगानीमा आयकर छुट हुनुपर्ने, आयकर छुटको सीमामा समयानुकूल परिमार्जन हुनुपर्ने, मु.अ.कर नलाग्ने वस्तुहरुको स्पष्ट सूची हुनुपर्ने, मूल्य अभिवृद्धि करमा बहुदर प्रणाली लागु गर्नुपर्ने, फिर्ता पाउनुपर्ने मु.अ.करलाई अन्य करमा मिलान गर्न पाउनुपर्ने, नन फाइलरको समस्या समाधान गर्नुपर्ने, बिल बिजकलाई मान्यता दिनु पर्ने लगायतका सुझाव दिनुभयो । उहाँले आयातमा बैंकहरुले मार्जिन डिपोजिट वापत रकम रोक्का राख्ने वा कट्टा गर्ने परिपाटीलाई अन्त गरिनुपर्ने, एकीकृत भंसार चौकीको सफल सञ्चालनको लागि भौतिक पूर्वाधारहरु निर्माण तथा भंसार चौकीभित्र क्वारेन्टाइनको स्थापना हुनुपर्ने, विदेशी मेशीनरी पार्ट भारतबाट आयात गर्न पाउनुपर्ने, स्थानीय करलाई व्यवस्थित



तुल्याउनुपर्ने, ५ करोड सम्मको वार्षिक टर्न ओभर गर्ने उद्योग व्यवसायको हकमा वार्षिक रुपमा कर वापत तिर्ने रकम तोकी सो रकमको भुक्तानी पश्चात् मिसम्याच लगायतका प्रावधानबाट छुटकारा पाउनुपर्ने, मौद्रिक नीति मार्फत् आएको सम्पत्ति अभिलेखीकरणको मोडालिटी स्पष्ट हुनुपर्ने, व्यापारिक उधारो कारोबार व्यवस्थित तुल्याउन क्रेडिट एक्ट ल्याउनुपर्ने, ब्याजदर सिङ्गल डिजिट हुनुपर्ने सुझाव दिनुभयो । उहाँले भिसिटिएसमा रहेका नीतिगत तथा व्यवहारिक समस्याहरु समाधान हुनुपर्ने, भिसिटिएस, आशिकुडा र आन्तरिक राजस्व कार्यालयको अनलाईन बिलिङ्ग सफ्टवेयरलाई एकीकृत गर्नुपर्ने, आयातको लागि भंसार बिन्दु सहजै परिवर्तन गर्न सकिने हुनुपर्ने, उद्योगले बीमा गराउनु पर्ने बीमालाई अनिवार्य नगरी सो स्वेच्छिक बनाउनुपर्ने, तयारी वस्तु र कच्चा पदार्थको भंसार दरबन्दीमा १ तहको फरक हुनुपर्ने, आयकर छुट एकल व्यक्तिको हकमा ८ लाख र दम्पत्तिको हकमा साढे ८ लाख

(बाँकी पाचौं पेजमा)

## राष्ट्रिय प्रजातन्त्र पार्टी पर्सा को बैठक सम्पन्न

पवन प्रसाद साह, वीरगंज ।

राष्ट्रिय प्रजातन्त्र पार्टी पर्सा को बैठक वीरगंज महानगरपालिका को रानिघाट स्थित पार्टी कार्यालय मा बैठक सम्पन्न भएको छ। आउदो स्थानीय चुनाव २०७९ साल बैशाख ३० गते हुने चुनाव को बारेमा छलफल कार्यक्रम सम्पन्न भएको छ। साथै चुनाव को मध्यनजर गर्दै राष्ट्रिय प्रजातन्त्र पार्टी लाइ पर्सा जिल्लामा पहिलो पार्टी बनाउन को लागि पार्टी को प्रचार प्रसार मा लागन समेत बैठक बाट निर्णय गरेको छ। राष्ट्रिय प्रजातन्त्र पार्टी पर्सा को जनलहर पर्सा जिल्लामा लयाउन को लागि प्रत्येक क्षेत्र, नगर, गाउँ पालिका मा कोण सभा गर्नु पर्ने बैठक बाट निर्णय गरेको छ। योग्य र जितने उमेदवारहरु लाइ पार्टी बाट टिकट दिइ चुनाव मा जिताउन मा लाग्ने सम्पूर्ण पदाधिकारी तथा



सदस्यहरु लाइ पार्टी को ब्यापक रूपमा प्रचार प्रसार गर्न बैठक बाट निर्णय गरेको छ। पार्टी को बैठक राष्ट्रिय प्रजातन्त्र पार्टी मधेश प्रदेश अध्यक्ष भरत गिरी को प्रमुख अतिथि तथा पार्टी का पर्सा जिल्ला अध्यक्ष शुमेश्वरनाथ उपाध्याय को अध्यक्षतामा भएको कार्यक्रममा पार्टी का मनार्थ अध्यक्ष अंगद ठाकुर विशिष्ट अतिथि पार्टी का केन्द्रिय सदस्य अर्जुन गिरी,पार्टी का पुर्ब केन्द्रीय सदस्य रामबहादुर थापा, पुर्व केन्द्रिय सदस्य बिसनाथ साह तेली, पुर्ब केन्द्रीय सदस्य नगिना कुमार यादव, पार्टी का जिल्ला उपाध्यक्ष अवध किसोर साह, शान्ति केशी,रामयोध्या प्रसाद कुर्मि, राजेश कुमार गुप्ता, जिल्ला सचिव पनालाल पटेल, जिल्ला सह सचिव पवन प्रसाद

(बाँकी पाचौं पेजमा)












वीरगंज संजाल साप्ताहिक जि.हु.का.प.दर्ता न. : १८६/ ०७८/७९

# भोजपुरी संजाल

## चमचागिरी

आज के जमाना मे कुछ लोग वफादारी से जादे चमचागिरी पर भरोसा करेलन। चमचागिरी में जे लोग जेतना महारत हासिल कईले बा, ऊ लोग के काम उतना ही आसानी से बन जाला। आपन बा'स के चापलूसी करे मे लोग का, का, न करेलन ई सब देखके हमनी के मुकेशजी के गाना याद आ जाला- "तुम दिन को अगर रात कहो रात कहेंगे, जो तुमको हो पसंद वही बात कहेंगे, अगर कोई अविवेकी साहेब लोग चमचा लोग के घेरा में पड़ जातारन तब त चमचा लोगके दिने फिर जाला, लाहे-लाहे चमचालोग साहेब के सीक्रेट (भीतर के बतिया) के जानके खूब फायदा उठावेलन। ऊ समय अईसन होला कि नून-हरे से लेके दवा-दारू तक आऊर कर कुटुम से लेके वैध-हकीम तक आपन बा'स के लेन-देन से लेके पूरा कुंडली तक चमचा लोग कंठस रखेलन ताकि उनकर वर्तमान आऊरो भविष दूनो खुशहाल रहे आऊर हरियाईली बनल रहे आऊर खूब फले-फूले। चमचागिरी अपना फैदा तक जईसे-तईसे चल सकेला बाकी दोसराके पेटमे लात मारेवाला चमचागीरि सबसे बड़ पाप होला। चमचागिरी के सीमा पार कईला के बाद व्यक्ति समाज के लेल बड़ घातक होला।

आजके समय में भी केहु-केहु बा'स अईसन बारन कि चमचा के तुरंत पहचान लेतारन आऊर ओकरा से काम से जादे कोई मतलबो नईखे रखतारन बाकी केहु-केहु बा'स (साहेब) के चमचागिरी करावे में भी खूब मजा आवता। बाकी ई सब खेल जादे दिन तक नईखे चलेला काहे कि चमचागिरीवाला एक्सन (कार्य) आऊर ओकर रिएक्सन (प्रतिक्रया) इंसान के दीमाग आऊर मन के बहुते चोटिल करेला। चमचागिरी। भोजपुरी कहानी महादेव कुमार सिंह ईहे पर एगो कहानी बा कहानी सुनी आऊर भविष में चापलूस सबसे दूरी बनाके रखी। एगो भेदिया नाम के आदमी रहे। ऊ बचपने से खुराफाती रहे। ओकर नाम भेदिया पड़े के कारण बा, ऊ केहु तरह से केहु के पेट मे घूसके ओकर भेद पता कर लेत रहे आऊर इधर-उधर छीटत रहे। जईसे-तईसे मैटिक कईला के बाद ओकराके एगो दफ्तर में काम मिलल। कुछ दिन काम कईला के बाद न जानी कहँवा से ऊ चमचागिरी सीख गईल आऊरो चमचागिरी मे ऊ अईसन महारत हासिल कईलस कि जब चाहे जईसे चाहे ऊ आपन अँऊरी पर आपन बा'स (साहेब) के नचावे लागल। दफ्तर में ओकर एतना परभाव रहे कि तनिअक लालच देहला के बाद ऊ कइसनों ऊलझल ममला के सुलझावे मे कसर न छोड़त रहे बाकि ओकर शैतानी दीमाग सुलझल ममलाके ऊलझावे में भी देर न करत रहे।

ई सब करम-कुकरम से ओकराके सबसे अच्छा करमचारी के रूप में पहचान बनल आऊर पुरसकारो मिल गई. उलटा सीधा हरकत कईके भेदिया खूब ऐश- मौज करत रहे ऊ एहु जानत रहे कि ओकर कुकरम के केहु नईखे जानत बाकी ओकर घरवाली सबकुछ जानत रहे पर जईसहीं घरवाली के खोंईछा में महीना के वेतन पड़त रहे तब ऊहो मऊन वरत धारण कई लेत रहे। एही बीच भेदिया के सामनेवाला औफिस में एगो नया आदमी बहाल भईल। एक दिन दूनो जब आमने-सामने भईल तब खूब हथमिलोअल भईल, गलबहियाँ भईल ओकरा बाद दूनो खूब एक दोसरा के घर आवे-जाये लागल। ऊ समय अईसन लागत रहे कि जईसे दूनो राम-लखनके जोड़ी बनल बा। दूनो जहाँ भी जात रहे संगे जात रहे खूब घूमे फिरे आऊर केहु-केहु के गिला-शिकवा बतियात फिरत रहे। एक दिन भेदिया के बा'स (साहेब) से भेदिया के दोस्त के कुछ जरूरी काम पड़ल। भेदिया के के दोस्त सँझिया मे ओकर घर पहुँचल आऊर आपन दुखड़ा बतवलस। एही बीचे भेदिया के मेहरारू आ टपकल आऊर कहलस- साँझिया के बेरा में कहीं जायके जरूरी नईखे, एतना कहके ऊ अंदर चल गईल। दोसर दिन भेदिया आपन दोस्त के आपन बा'स के इहाँ ले गईले ऊहाँ पहुँचके खूब परिचे-पाति भईल। भेदिया बा'स से कहले- साहबजी जानतानी ईहो अपने साईड के बारन कबो कोई काम होखे पर तनिक देख लेब"। एतना कहलाके बाद चाह-पानी भईल ई सब देखके भेदिया के दोस्त के खुशी के ठिकाना न रहल, ओकराके लागल कि भेदिया जइसन दोस्त बड़ भाग से मिलेला।

एही बीचे भेदिया के मन में पाप घूस गईल ऊ सोचलस कि साहेब से आपन दोस्त के जान-पहचान कराके अच्छा नईखे भईल। ऊ तुरंते आपन दोस्त से कहलस -"तनिक बाहर जा, अबे आवतानी,, एतना सुनला पर भेदिया के दोस्त के माथा ठनकल ऊ सोचलस कि कुछ त गड़बड़ बा! तब ऊ धीरे से बाहर निकल गईल आऊर कोना मे खड़ा होके भेदिया के दोमुहाँपन के समझे के परयास कईलस।भेदिया के दोस्त के अईसन महसूस भईल कि भेदिया आपन साहेब के कहता कि- साहेब जी हम त अईसही आ गईनी ह, अभी जौना आदमी आईल रहे बड़ उदंड टाईप के बा, अईसन के मदत कईला से कऊनो फायदा नईखे, बड़ परशान कईले रहे एही खतिरा आ गईल रही। भेदिया के दोस्त जब भेदिया के बात सुनलस तब ओकर तरबक लहर कपार पर चढ गईल। ऊ धीरे से ऊहाँ से निकल गईल आज ओकराके अपने आप पर बड़ शरमिंदगी महसूस भईल आऊर तबे से लऊटके ऊ फेर कबो भेदिया के पास नईखे गईल। कबो आमना-सामना भईला पर भी अईसन लागत रहे जईसे कि दूनो के बीच दूर- दूर तक के कोई जान-पहचान नईखे। ई बात सौ आना सच बा कि चमचागिरी से भी जादा खतरनाक दोमुँहापन होला, बाकी जेकरा में दूनो अवगुण होई ऊ महा- शातिर आदमी होला। आज भेदिया के पाँचो अँऊरी घीऊ में बा, पढल-लिखल आदमी ओकरा से दूरी बनवले बा लेकिन कुछ लोग अईसन बारन जे भेदिया के खूब गुणगान करेलन।



महादेव कुमार सिंह
भोजपुरी कहानी

## चुनावी मेला आइल हो

दामोदरचारि मिश्र

लोकतंत्र के मेला में हम करेनी सभ के अभिनंदन कई बरिस के इंतजार प आईल चुनावी मनोरंजन
ए मेला में सब कुछ बा हो फोकट बिरयानी तूहुं खा हो नाच-गाना आ जादू-टोना खोया-पाया रोना-धोना

कब से गायब सड़किया देखक चट से अब उग आई हो डांण चमकावत आई नचनिया हाथ मिला के जाई हो
चुनावी मेला आइल हो डेगे- डेगे होर्डिंग बैनर गुंडा लठैत सीखत बा मैनर उहे पुरनका वादन के

मोटरी फेनु खुल जाई हो चुनावी मेला आइल हो बानर नचावे बईठ मदारी बनरा सब के पंजा मारी
ओही पे अगराईल मदारी रहल बा मूंछ के अईठ दू-दू मिनट के देरी पे होला, फैटम-फईअट

एतना बरिस से जेकरा हाथे ना पानी पीहलस, ना बइठल साथे देख ऽकिशन सुदामा के उ यारी फे़ल कराई हो
चुनावी मेला आइल हो जीजा उठलें हई पार्टी से जीजी उठली होकरा से हो माल सहोटे के घरवे में

सुनहरा मउका आइल हो अरब-खरब के पैकेज देख जनता बा अगराईल हो चुनावी मेला आइल हो
आगे के पंडाल में देखा सभे व्यस्त बा अपने में लोर चुआवत जनता बइठल भेटाइल विकसवा सपने में

डी०एन०ए० केहु जांच करावे केहु भर सीकम गरियावे बउराइल जनता ए चक्कर में काम धाम भूल जाई हो
एक दूसर के पार्टी खातिर बिना बात लड़ जाई हो चुनावी मेला आइल हो

## बरखा

ईबरखा ना जाने कइसन सपना साथ ले आईल बिया। पियासल धरती के पियास बुकावे आईल बिया । एगो बिरहिन के मन मे शितलता प्रदान करे आईल बिया । ई बरखा कुहकत हियरा मे प्यार के बरसाँत करे आईल बिया।

सूखल पतई मे प्रेम रङ्ग भर के हरिहर जान भरे आईल बिया। ई बरखा मौसम मिलन के साथ लाईल बिया। धधकत करेजा के आग मे बुन्द प्यार के उनकर डाले आईल बिया । ई बरखा उनका चिट्ठी के साथ आईल बिया।

तडपत धरती के अपना छुवन से प्रेम रस मे डुबोए आईल बिया। मैना मैनी के चोच से चोच मिलावे के मौसम लाईल बिया। ई बरखा अपना साथ एगो पैगाम लेआईल बिया। ई बरखा परदेशी प्रेमियन के प्रेम अपना देश लेआईल बिया।



प्रिया मिश्रा "मन्नु"




१. अंगार बरसल (बहुत गरमी परल) आज दुपहर में अंगार बरसत रहे।
२ .अंगूग देखावल (धोखा दिहल) आपन काम निकल गइला पर मोहन अंगूठा दिखा दिलहस ।
३ . आँख खुलल (ज्ञान भइल) - ठोकर लगला पर आँख खुलेला।
४ . आग बबूला भइल (खूब क्रोधित भइल)
- भाई के हत्यारा के देखते रामू आग बबूला हो गइले।
५ . आँख लागल (नींद आइल) - पढ़ते-पढ़त आँख लाग गइल।



सन्जु बाबा मोची



वीरगंज संजाल साप्ताहिक जि.हु.का.प.दर्ता न. : १८६/ ०७८/७९



# स्वास्थ्य समाचार



## स्वास्थ्य नीति, व्यवस्थापन र प्रविधिमा पहिलो पटक स्नातकोत्तर पढाइ हुँदै

▪ *न्युज डेस्क, वीरगंज ।*



कोभिड-१९ को महामारी फैलिएपछि सुरुका समयमा जनस्तरमा छाएको त्रास मेटाउन सरकार र विज्ञ पक्षले कोसिस गरे पनि समाजमा अनेक भ्रमको सञ्चार गराइएको थियो। के गर्ने, के नगर्ने भन्ने जनस्वास्थ्यको प्राविधिक ज्ञानको अभाव त छँदै थियो, त्यसका साथै कतिपय सञ्चारमाध्यममा आउने अपुष्ट समाचारले झन् अन्योल सिर्जना गराएको थियो।यस स्थितिको अवलोकन गरिरहेको मनमोहन प्राविधिक विश्वविद्यालयले यस्ता स्वास्थ्य महामारीका अवस्थामा पनि जनस्तरमा नियमित स्वास्थ्यको ज्ञान, सीप र चेतना फैलाई सेवा दिन सक्ने नयाँ जनशक्ति उत्पादनको योजना अघि सारेको थियो।मुलुक सङ्घीय संरचनामा आधारित गणतन्त्रात्मक शासन प्रणालीमा प्रवेश गरेपछि बनेको प्रदेश नं १ सरकारले सो प्रदेशको आर्थिक उन्नति, प्रगति र समृद्धिका लागि चाहिने दक्षप्राविधिक जनशक्ति उत्पादन गर्ने मनसायले स्थापना गरेको विश्वविद्यालयले स्नातकोत्तर तहमा 'स्वास्थ्य नीति, व्यवस्थापन र प्रविधि' विषयको अध्यापनका लागि कोर्स तयार गरेको छ। स्वास्थ्य क्षेत्रमा कार्यरत र भाविष्यमा सो क्षेत्रमा जान चाहनेहरुका साथै मेडिकल सुपरिटेण्डेन्टहरुका लागि यो कोर्स उपयोगी हुन सक्नेछ।विश्वविद्यालयका उपकुलपति डा सुवासश्री पोखरेलले गफ गर्न सक्नेभन्दा पनि काम गरेर खान सक्ने कला सिकाउन आफूहरुले समग्र प्रयास गरिरहेको र विज्ञान तथा प्रविधि सङ्कायअन्तर्गत 'स्वास्थ्य नीति, व्यवस्थापन र प्रविधि'सम्बन्धी नयाँ कोर्स तयार गरिएको र आगामी जेठदेखि कार्यान्वयनमा ल्याइने बताए।प्राविधिक शिक्षालाई गुणस्तरीय, वैज्ञानिक तथा जीवनोपयोगी बनाउने आदर्शबाट स्थापित मनमोहन स्मृति पोलिटेक्निक, बुढीगङ्गा-४, मोरङको सफल सञ्चालन र पठनपाठन प्रक्रियाबाट अभिप्रेरित भई पोलिटेक्निकलाई स्तरोन्नति गरेर सोही स्थानमा प्रथम कम्युनिष्ट प्रधानमन्त्री मनमोहन अधिकारीको स्मृतिमा प्रदेश नं १ सरकारले विस २०७६ असोज १६ गतेको प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी नेपालकै पहिलो प्राविधिक विश्वविद्यालय, मनमोहन प्राविधिक विश्वविद्यालय स्थापना गरेको थियो।उपकुलपति डा पोखरेलले आत्मनिर्भर भई आफ्नै उत्पादनमा रमाउने, आफ्नो व्यवसाय गर्ने र आफ्नै कमाइ गरेर गरी खाने संस्कृतिको विकास नहुनुमा हालसम्म प्राथमिकता दिइएको औपचारिक शिक्षा नै भएकाले प्राविधिक शिक्षा र उत्पादनमुखी शिक्षाको अवसर सीमित भएकै कारण देश विकासमा पछाडि परिरहेको बताए। देश विकासको मुख्य आधार शिक्षा प्रणाली हो । देशका युवालाई प्राविधिक शिक्षामा दक्ष बनाउन सके परनिर्भरता अन्त्य हुनुका साथै देश विकासको महाअभियान पनि सफल हुनेछ। उत्पादनमुखी शिक्षा प्रणालीमा दीक्षित, व्यवहारिक र आत्मनिर्भरता तर्फ उन्मुख जनशक्तिले मात्रै मुलुक रूपान्तरण हुने भएकाले प्राविधिक शिक्षा अहिलेको अपरिहार्य आवश्यकता भएको छ, डा पोखरेलले भने।सो विश्वविद्यालयका हरेक कोर्सको पचास प्रतिशत सैद्धान्तिक र ५० प्रतिशत प्रयोगमूलक हुने गरेका छन्। उक्त कोर्स तर्जुमा समितिका संयोजक डा सुजन बज्राचार्यका अनुसार मेडिकल र व्यवस्थापनका पक्षसहितको नयाँ चेतनायुक्त कार्यक्रम भएकाले यसले विद्यार्थीलाई स्वास्थ्य सेवाको व्यवस्थापकीय ज्ञान, सूचना र अनुभव दिलाउने बताए। सो विश्वविद्यालयमा विभिन्न कोर्सको तर्जुमामा संयोजन गर्दै आएका डा दीपेन्द्र श्रेष्ठले यस प्रकारको पढाइ हालसम्म नभएको र अध्ययनका आधारमा यसको आवश्यकता बोध गरी कोर्स तर्जुमा गरिएको बताए।विश्वविद्यालयले मुलुकको सर्वाङ्गीण विकासको लागि आवश्यक पर्ने उच्चस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्ने, बहुप्राविधिक विश्वविद्यालयको अवधारणा अनुरुप प्रतिस्पर्धात्मक, गुणस्तरयुक्त, उपलब्धिमूलक र अन्तर्राष्ट्रिय विकासक्रमसँग आवद्ध गर्न सक्ने मानव संशाधन विकास गर्न र विज्ञान, प्रविधि तथा व्यावसायिक क्षेत्रको ज्ञान र सीपका साथै सान्दर्भिक अनुसन्धानलाई व्यापक एवं व्यवहारिक र समय सापेक्ष बनाउने उद्देश्य लिएको छ।सो विश्वविद्यालयअन्तर्गतको मनमोहन स्मृति पोलिटेक्निकमा डिप्लोमा तहका छ वटा विषयमा क्रमश सिभिल, इलेक्ट्रिकल, मेकानिकल, इलेक्ट्रोनिक्स, आर्किटेक्चर र इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक्स इञ्जिनीयरिङ विषय सञ्चालन भइरहेका छन्। विश्वविद्यालयमा हाल ७२० विद्यार्थी अध्यनरत छन। यी कार्यक्रमका अतिरिक्त पोलिटेक्निकले मागमा आधारित छोटो अविधिको सीपमूलक तालिम ९३९० घण्टा, १६९६ घण्टा र २४ महिने औद्योगिक प्रशिक्षण प्रदेश नं १ को विभिन्न जिल्लामा सञ्चालन गरी युवालाई आत्मनिर्भर बनाउने काममा अग्रणी भूमिका निर्वाह गर्दै आइरहेको छ। विश्वविद्यालयमा छ वटा स्कुल क्रमश: स्कुल अफ इञ्जिनीयरिङ, स्कूल अफ एप्लाइड साइन्स एण्ड टेक्नोलोजी र स्कूल अफ मेडिसिन एण्ड एलाइड हेल्थ साइन्सेज सञ्चालन हुनेछन्।पहिलो पाँच वर्षे योजना अन्तर्गत आव २०७८(२०८२ सम्ममा क्रमश: सिभिल इञ्जिनियरिङ, आर्किटेक्चर इञ्जिनियरिङ, इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स इञ्जिनियरिङ, कम्प्युटररसूचना प्रविधि इन्जिनियरिङ्मा बीई कार्यक्रमका साथै ब्याचलर ईन मेडिकल ल्याबोरोटरी टेक्नोलोजी, ब्याचलर ईन पब्लिक हेल्थ, बीएससी ईन फार्मेसी, एमएससी ईन स्ट्रक्चरल इञ्जिनियरिङ, एमएससी ईन पावर सिस्टम इञ्जिनियरिङ, एमएससी ईन इन्भाइरोमेन्टल हेल्थ एण्ड सेफ्टी, एमएससी ईन नेचुरल रिसोर्स म्यानेजमेन्ट एण्ड डेभलप्मेन्ट र एमएससी ईन हेल्थ पोलिसी, इनोभेसन एण्ड म्यानेजमेन्ट गरी ७ वटा स्नातक र ५ वटा स्नातकोत्तर विषयहरु सञ्चालन गरिने लक्ष्य रहेको छ। यी कार्यक्रमबाट कूल १४८० जना विद्यार्थी लाभान्वित हुनेछन्। दोस्रो पाँच वर्षे योजना अन्तर्गत आव २०८३र२०८७ सम्ममा क्रमश: ब्याचलर ईन बायोमेडिकल इञ्जिनियरिङ, बी, ई ईन मेकानिकल वा अटोमोबाइल इञ्जिनियरिङ, बीएससी ईन एग्रिकल्चररफरेस्ट्री, बीएससी ईन अप्टोमेट्री, ब्याचलर अफ होटल म्यानेज्मेन्ट, एमविविएस गरी स्नातक तहमा छ वटा कार्यक्रम, स्नातकोत्तर तहमा ट्रान्सपोर्टेसन वा टनेल इञ्जिनियरिङ, इलेक्ट्रोनिक्स एण्ड कम्युनिकेसन इञ्जिनियरिङ, फार्मेसी, पब्लिक हेल्थ, केमिकल टेक्नोलोजी गरी ५ वटा विषयमा र विधावारिधि तर्फ स्ट्रक्चरल इञ्जिनियरिङर ट्रान्सपोर्टेसन इञ्जिनियरिङ, पब्लिक हेल्थ, इलेक्टिकल इञ्जिनियरिङ, इन्भाइरोमेन्टल हेल्थ एण्ड सेफ्टी र न्याचुरल रिसोर्स म्यानेजमेन्ट एण्ड डेभलपमेन्ट गरी थप पाँच वटा विषयमा विद्यावारिधि सञ्चालन गरिने लक्ष्य रहेको छ।सबै कार्यक्रम सञ्चालन भएपछि कूल २८३१ जना विद्यार्थी लाभान्वित हुने विश्वविद्यालयले जनाएको छ।

## विश्व क्षयरोग दिवश देशभर विभिन्न कार्यक्रम गरेर मनाइदै



**रबिन्द्र यादव**




मार्च २४ विश्व क्षयोग दिवश मनाइएको छ। यो वर्ष क्षयोग अन्त्यका लागी लगानी बढाऔं,जिवन बचाऔं भन्ने नााका साथ क्षयोग दिवश मनाइएको हो । विश्व क्षयोग दिवशको अवसमा ाष्ट्रिय क्षयोग केन्द्रले विभिन्न कार्यक्रमहरु गे मनाइएको छ। यो दिनमा विश्वभ क्षयाोगका काण अकालमा मृत्यु भएका व्यक्तिहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्ने,हाल क्षयोग लागेका व्यक्तिहको शिघ्र स्वास्थ्य लाभको कामना गर्ने भविष्यमा यस ागबाट कसैले मृत्युवण गर्न नपोस् भनि प्रतिवद्धता जाहे गर्न यो दिवश मनाईदै आइहेको छ। विश्व स्वास्थ्य संगठनको वार्षीक प्रतिवेदन २०2० अनुसा विश्वभ कबि ९९ लाख मानिसहरु क्षयोगबाट पिडित भएका थिए । जसमा ५५ लाख पुरुष,३३ लाख महिला ११ लाख बालबालिकाहरु हेका छन् । क्षयोग नियमित उपचाले निको हुने भएपनि वार्षिक १५ लाख मानिसको मृत्यु हुने गेको अनुमान छ । नेपालमा आर्थिक वर्ष २०७७/७८ को तथ्यांक अनुसा नेपालमा २८ हजा ६ सय ७७ जना बिामीहरु मात्र उपचाको क्रममा छन् । जसमध्ये ६७ प्रतिशत पुरुष, ३३ प्रतिशत महिला ७ प्रतिशत बालबालिका छन् । ाष्ट्रिय क्षयोग प्रिभ्यालेन्स सर्वेक्षण २०७४/७५ ले नेपालमा वार्षिक नयाँ तथा पुाना गी १ लाख १७ हजा क्षयोगका बिामी हेको देखाएको थियो। नयाँ क्षयोगका बिामीहरु वार्षिक रुपमा ६९ हजा थपिन्छन् भने १६ हजा जनाको मृत्यु हुने गेको केन्द्रले जनाएको छ। औषधि प्रतिोधी क्षायोगका अनुमानित बिामीको संख्या वार्षिक रुपमा २२ सय छ। आर्थिक वर्ष २०७७/७८ मा ाष्ट्रिय क्षयोग कार्यक्रममा ५ सय ६९ जनाको औषधि प्रतिोधी पहिचान भएको थियो भने ४ सय १८ जना उपचामा दर्ता भएका थिए।

## नेपालमा अब ६ सय ५० एमजीको पाासिटामोल बन्ने



▪ *न्युज डेस्क, वीरगंज ।*

नेपालमा अब ६ सय ५० एमजीको पाासिटामोल ट्याबलेट बन्ने भएको छ। बिहीबा बसेको औषधि सल्लाहका समितिको ५३ औं बैठकले नेपालमा पनि ६ सय ५० एमजीको पाासिटामोल बनाउने निर्णय गेको हो। बैठकले ६ सय ५० एमजीको पाासिटामोल दर्ता गर्न औषधि व्यवस्था विभागलाई अनुमति दिने निर्णय गेको छ। नयाँ दर्ता हुने पाासिटामोलको मूल्य भने अन्तर्ाष्टिय मूल्यको अनुपातमा तोक्ने औषधि व्यवस्था विभागका सूचना अधिकी सन्तोष केसीले बताए । नेपालमा हालसम्म ५ सय एमजीको पाासिटामोल उत्पादन हुँदै आइहेको छ।

## के पुरुषमा प्रजनन् स्वास्थ्यको समस्या हुँदैन ?



▪ *न्युज डेस्क, वीरगंज ।*

प्रजनन् स्वास्थ्य भनेको महिला पुरुष दुबैका लागि महत्त्वपूर्ण हुन्छ। किनकी महिलामा मात्रै प्रजनन् क्षमता हुँदैन । पुरुषमा पनि हुन्छ । त्यसकाण महिलामा मात्रै प्रजनन् स्वास्थ्यसँग सम्बन्धित समस्या आउँछ भने सोच्नु गलत हो । नेपाली समाजमा प्रजनन्सँग सम्बन्धी समस्या भयो भने सबैभन्दा पहिले महिलालाई बुझ्ने पम्पा छ । त, हालै गएिको एक अध्ययन अनुसा विश्वमा ५५ प्रतिशत पुरुष प्रजनन् स्वास्थ्य समस्याबाट पीडित भएका छन् । डेनमार्कको आहुस यूनिभर्सिटीका प्राध्यापक एनी थोस्टेडका अनुसा खाब वातावण भ्रुणको स्पर्म उत्पादन प्रजनन् अङ्गको विकासका लागि हानिकाक हुन सक्छ । कम तौल भए जन्मिने बच्चामा ठूलो भएपछि फर्टिलिटीको समस्या हुने गेको लण्डनले गेको अध्ययनमा पाइएको छ। अध्ययनमा सामान्यदेखि १० प्रतिशत कम तौल भएका ५५ प्रतिशत मानिसमा यो समस्या भएको पाइयो । जुन अध्ययनमा महिलालाई सहभागि गाइएको थिइएन । सिर्च टीमका अनुसा यस अध्ययनमा कस्ता स्वास्थ्य समस्या भएकालाई सहभागि गाइयो त्यो पनि महत्वपूर्ण हेको छ । प्राध्यापक थोस्टेडले गर्भवति महिलाले धूम्रपान गर्ने गेको अवस्थामा त्यसको प्रत्यक्ष अस गर्भमा हेको शिशुमाथि पर्न जान्छ। शुरुआतमै बच्चामाथि यसको अस नदेखिएपनि लामो समयपछि बच्चाको शीमा यसको गलत अस देखिन थाल्छ। अध्ययनमा १९८४ देखि १९८७ का बीचमा जन्मेका ५ हजा ५ सय ९४ जना पुरुषलाई सहभागि गाइएको थियो । अध्ययनकर्ताले ८ दशमलव ३ प्रतिशत मानिसको तौल आफ्नो जन्मको समय २ दशमलव ८ किलोग्राम थियो उनमा पछि गए प्रजनन् स्वास्थ्यको समस्याबाट गुज्रिनु पेको थियो । आहुसका अध्ययनकर्ताका अनुसा अध्ययनमा सहभागि सबै सहभागि अहिले ३० देखि ४० उमे समूहका छन् ।

छोरा छोरीमा भेदभाव नगरौं।

छोरीलाई पनि स्कुल पठाऔं।

परवानीपुर गाउँपालिका, बारा

# फोटो क्यापसन



*नेपाली कॉंग्रेसको १४ नं. वडा मा कार्यकर्ता टोल कार्यकर्ता भेला सम्पन्न गरेको छ । सो कार्यक्रममा टोलका युवाहरु लाई लक्षित गरि एउटा टोल कमिटि इमामुदिन अहमदको अध्यक्षता २१ सदस्यीय गठन ,फोटो - मखदुम झ्हनघश्त*



*श्री महानन्द प्रसाद उपाध्याय माध्यमिक विद्यालय वीरगञ्ज महानगरपालिका वडा नं २८ बगही मा आयोजित विधालयको नवनिर्मित भवनको समुद्घाटन तथा सम्मान कार्यक्रममा सम्पन फोटो -श्री रामजी गिरि*




*जनता समाजवादी पार्टी नेपालको आज कपिलवस्तु जिल्लाको कृष्णनगर नगरपालिका वडा नं २ गोलघरमा वृहत जनसभा तथा पार्टी प्रवेश कार्यक्रम सम्पन्न भएको छ । जसपा कपिलवस्तु क्षेत्रीय अध्यक्ष जगदम्बा प्रसाद चौधरीको अध्यक्षता तथा जसपा नेपालका राष्ट्रीय अध्यक्ष उपेन्द्र यादवको प्रमुख आतिथ्यमा कार्यक्रम सम्पन्न भएको हो ।*

# लोकसेवा तयारीका लागी प्रश्नहरू

१. सार्वजनिक खदि नियमावलीको ११औँ संशोधनअनुसा कति रुपियाँसम्मको लागत अनुमान भएको ठेक्कामा स्वदेशी बोलपत्रदाताबीच मात्र प्रतिस्पर्धा गाइने भएको छ ?
- तीन अर्ब रुपियाँ
- यसअघि एक अर्ब रुपियाँसम्मको लागत अनुमान भएको ठेक्कामा मात्र स्वदेशी बोलपत्रदाताबीच प्रतिस्पर्धा गाउने व्यवस्था हेको ।

संशोधित नियमावलीले गेका अन्य थप व्यवस्था
- एउटा निर्माण कम्पनीले पाँचवटाभन्दा बढी ठेक्का लिन नपाइने ।
- पूर्वयोग्यताका न्यूनतम तीनवटा योग्य आवेदक नभए पुनः सूचना निकाल्नुपर्ने ।
- समुदायबीच प्रतिस्पर्धामार्फत पाँच कोड रुपियाँसम्मका काम गाउन सकिने ।
- १० अर्ब रुपियाँसम्मको ठेक्कामा स्वदेशी कम्पनीसँगको संयुक्त उपक्रम अनिवार्य गएिको ।
- कुनै पनि निर्माण ठेक्काको सम्झौता गर्नुपूर्व ठेक्काको तीन महिनालाई पुग्ने कमको बैङ्क ग्योन्टीको अनिवार्यतासम्बन्धी व्यवस्था हटाइएको ।

२. साउदी अेबियाका ाजकुमा तथा विदेशमन्त्री फैजल अल बिन फहान अल साउद औपचाकि भ्रमणका क्रममा कहिले नेपाल आएका हुन् ?
-वि.सं. २०७८ फागुन ३० (सन् २०२२ मार्च १४, दुईदिने भ्रमण)

३. पोखाको फेवाताल किनाा  साङकोट जोड्ने अन्नपूर्ण केबलकाको दूी कति हेको छ ?
- २.४ कि.मि.
- वि.सं. २०७८ फागुन ६ मा सफ्ट ओपनिङ गएिको सो केबलका २०७८ चैत १ देखि पूर्ण रूपमा सञ्चालनमा आएको ।
- केबलका सञ्चालनमा आएपश्चात् सेदीबगबाट सातदेखि आठ मिनेटमै साङकोट पुग्न सकिने ।
- हाल पोखाको प्रमुख पर्यटकीय स्थल लेकसाइटदेखि साङकोट पुग्न गाडीमा कबि ४५ मिनेट लाग्ने ।
- केबलका सञ्चालनका लागि १८ वटा टावसँगै यात्रु बोक्ने १७  सामान बोक्ने एक गी १८ वटा गोन्डला अर्थात् डिब्बा हेका । डिब्बाको सङ्ख्या बढाए ३५ वटा पुऱ्याउने योजना हेको । प्रतिडिब्बामा आठ जनाको क्षमता हेको ।

४. निर्वाचन आयोगका अनुसा महानगपालिकाका मेय तथा उपमेयका उम्मेदवाले स्थानीय तह निर्वाचनमा गर्न पाउने खर्चको सीमा कति निर्धाण गएिको छ ?
- सात लाख ५० हजा रुपियाँ
- स्थानीय तह निर्वाचनमा तोकिएको खर्च सीमा

महानगपालिका
- मेय/उपमेयः सात लाख ५० हजा रुपियाँ
- वडाध्यक्ष/सदस्यः तीन लाख रुपियाँ

उपमहानगपालिका
- मेय/उपमेयः पाँच लाख ५० हजा रुपियाँ
- वडाध्यक्ष/सदस्यः दुई लाख ५० हजा रुपियाँ

नगपालिका
- मेय/उपमेयः चा लाख ५० हजा रुपियाँ
- वडाध्यक्ष/सदस्यः दुई लाख रुपियाँ

गाउँपालिका
- प्रमुख/उपप्रमुखः तीन लाख ५० हजा रुपियाँ
- वडाध्यक्ष/सदस्य : एक लाख ५० हजा रुपियाँ

५. २०७९ वैशाख ३० मा तय गएिको स्थानीय तह निर्वाचनमा सहभागिताका लागि मान्यताप्राप्त दलको सङ्ख्या कति हेको छ ?
- ७९
- (निर्वाचन आयोगमा दल दर्ताका लागि ८० दलले आवेदन दिएकामा ७९ दलले मान्यता पाएका ।)

६. आन्तकि ाजस्व विभागले स्थायी लेखा नम्ब (पान) वितणमा बायोमेट्रिक प्रणाली पहिलो चणमा कहाँ लागू गेको छ ?
- काठमाडौँ उपत्यका
- पहिलो चणमा काठमाडौँ उपत्यकाभित्रका कदाता सेवा कार्यालयमा आ.व. २०७७/७८ देखि यो प्रणाली सुरु गएिको ।
- हाललाई बिपान (व्यावसायिक स्थायी लेखा नम्ब) उपलब्ध गाउँदा मात्र यस्तो प्रणली कार्यान्वयनमा ल्याइएको ।
- बायोमेट्रिक प्रणाली विस्तौ देशैभका कदाता सेवा कार्यालयमा लागू गनि ।

७. दार्चुलास्थित त्रिदेशीय सीमा क्षेत्र छाङ्रुमा सशस्त्र प्रहीको बोर्ड आउट पोस्ट स्थापना कहिले गएिको हो ?
-वि.सं. २०७७ वैशाख ३१

८. कम्बोडियाको पुानो नाम के हो ?
- कम्पुचिया

९. सर्वप्रथम शिलालेखको स्थापना गर्ने ाजा को हुन् ?
- मानदेव

१०. कल्छुमन ताल गोखा जिल्लामा हेको छ भने सत्यवती ताल कहाँ हेको छ ?
- पाल्पा

११. नेपालको कुन हिमाललाई 'लेडिज पिक' उपनामले चिनिन्छ ?
- अमादब्लम

१२. फ्रान्सको ाज्य क्रान्तिपछि शासनसत्ता कसले सम्हालेका थिए ?
- नेपोलियन बोनापार्ट

१३. नेपालको पहिलो बर्ड सेञ्ची (पन्छी अभयाण्य क्षेत्र) घोषित क्षेत्र कुन हो ?
- घोडाघोडी सिमासा क्षेत्र

१४. नेपालको सबैभन्दा कम उचाइमा हेको नगपालिका कुन हो ?
-जलेश्व

१५. चुम्बकले आफ्नो वर्पि हेको चुम्बकीय वस्तु वा अर्को चुम्बकलाई अस पार्नसक्नेसम्मको क्षेत्रलाई के भनिन्छ ?
-चुम्बकीय क्षेत्र
- (शक्तिशाली चुम्बकको चुम्बकीय क्षेत्र ठूलो  कमजो चुम्बकको चुम्बकीय क्षेत्र सानो हुन्छ ।)

१६. समुद्रको पानीको स्वाद कस्तो हुन्छ ?
- नुनिलो

प्रस्तुतकर्ता :- अशोक शाह (०५१-५३०७७८)
लेखक तथा प्रशिक्षक, आरिया एजुकेशन

# पर्यटन क्षेत्रको विकासका लागि लगानी वृद्धि गर्ने योजनामा मधेश प्रदेश

न्युज डेस्क, वीरगंज ।

पर्यटन क्षेत्रको विकासका लागि मधेश प्रदेश सरकारले पूर्वाधार निर्माणमा लगानी बढाउँदै लगिने नीति लिएको छ । पर्यटन क्षेत्रको विकासका लागि यहाँको प्राकृतिक तथा धार्मिक क्षेत्रको पहिचान गरी त्यसको प्रवर्द्धनका लागि मधेश सरकारले पूर्वाधार निर्माणमा लगानी बढाउँदै लगिने नीति लिएको हो ।सोही नीतिअनुरुप तराई मधेशकै मिनी उपत्यकाको रुपमा चिनिएको पर्साको ठोरीलाई मधेस प्रदेश सरकारले ‘पर्यटकीय क्षेत्र’ घोषणा गरेको छ । ठोरीको पर्यटकीयस्थल राइधारामा शुक्रवार बेलुकी आयोजित कार्यक्रममा मुख्यमन्त्री लालबाबु राउतले ठोरीलाई ‘पर्यटकीय क्षेत्र’ घोषणा गरेका हुन् । त्यसअघि गत शुक्रवार साँझ ठोरी-२ स्थित ठोरी जंगल रिसोर्टमा बसेको मधेश प्रदेशको मन्त्रिपरिषद्को बैठकले ठोरीलाई ‘पर्यटकीय क्षेत्र’ घोषणा गर्ने निर्णय गरेको थियो । पर्यटकीय क्षेत्रको विकासका लागि आवश्यक पूर्वधार निर्माण गर्न सरकारले त्यहाँ रू. १० करोड बजेट खर्चिने निर्णय गरेको बताइएको छ ।सो अवसरमा



मुख्यमन्त्री राउतले ठोरी पर्यटकीय सम्भावना बोकेको मधेस प्रदेशकै एक महत्वपूर्ण स्थान रहेको भन्दै ठोरीलाई पर्यटकीय स्थलका रुपमा विकसित गरिने बताए ।‘हामीले ठोरीलाई पर्यटकीय क्षेत्र घोषणा गर्‍यौं, यहा पर्यटकीय पूर्वाधार निर्माण र विकासका लागि तत्काल रू. १० करोड उपलब्ध गराउने निर्णय पनि गर्‍यौं’, उनले भने, ‘आवश्यकता अनुसार अरु थप सहयोग गर्न पनि सरकार प्रतिबद्ध छ ।’त्यस्तै पर्साको पटेर्वा सुगौली गाउँपालिकास्थित दूधेश्वरनाथ महादेव मन्दिर भाठाधाम क्षेत्रलाई धार्मिक पर्यटकीय क्षेत्र र ती क्षेत्रको विकासका लागि रू. पाँच करोड लगानी गर्ने प्रदेश सरकारले घोषणा गरेको छ । भाठामन्दिर क्षेत्रमा गत शनिवार आयोजना गरिएको कार्यक्रममा प्रदेशका उद्योग, पर्यटन तथा वनमन्त्री शत्रुधन महतोले भाठालाई धार्मिक पर्यटकीय क्षेत्र घोषणा गर्दै चालू आवबाट नै रू. पाँच करोड पूर्वधार विकासमा लगानी गर्ने जानकारी दिए । मन्दिर व्यवस्थापन समितिका अध्यक्ष अलखदेवप्रसाद थारुको अध्यक्षतामा सम्पन्न कार्यक्रममा मुख्यमन्त्री गद्दीले भाठा क्षेत्रमा आउने पर्यटक तथा श्रद्धालुको सुविधाका लागि सडक तथा स्वच्छ खानेपानीको व्यवस्था पनि प्रदेश सरकारले तत्काल गर्ने प्रतिबद्धता व्यक्त गरे ।

# आधा दर्जन पत्रकारका आफन्तहरूको निधन







न्युज डेस्क, वीरगंज ।

सर्लाहीको कविलासी नगरपालिका वडा नं. ७ गैरबजार हाल वीरगंज महानगरपालिका वडा नं. १ छपकैया निवासी नेपाल पत्रकार महासंघ पर्साका साधारण सदस्य एवं प्रतीक दैनिकमा कार्यरत पत्रकार नितेश कर्णको ४८ बर्षिय सुनिता देवी कर्णको चैत ९ गते बुधबार विहान निधन भएको प्रति दुःख व्यक्त गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्नुका साथै वहाँको दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा ईश्वरले धैर्य धारण गर्न शक्ति प्रदान गरुन भन्दै गहिरो समवेदना प्रकट गरेका छौं।त्यसैगरी वीरगंज महानगरपालिकाको वडा नं. १६ नगवा निवासी समाजवादी प्रेस संगठन पर्साकी उपाध्यक्ष प्रकृति अधिकारीको ठूलो बुवाको निधन भएको छ। रेडियो वीरगंजमा कार्यरत संचारकर्मी अधिकारीको ५० बर्षिय ठूलो बुवा कमलेश्वर अधिकारीको बिहिबार राती असमायिक निधन भएको समाजवादी प्रेस सगठन पर्साले शोक वक्तव्य जारी गर्दै जानकारी गराएको हो । संगठन पर्साका अध्यक्ष मनोज पटेलद्वारा हस्ताक्षरित शोक वक्तव्य मार्फत स्वर्गिय बुवाको निधन प्रति दुःख व्यक्त गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्नुका साथै वहाँको दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा ईश्वरले धैर्य धारण गर्न शक्ति प्रदान गरुन भन्दै गहिरो समवेदना प्रकट गरेका छन् । त्यसैगरी बाराको परवानीपुर गाउँपालिका वडा नं. ५ सानो नौतन निवासी हिमालयन टेलिभिनका पर्साका संवाददाता प्रणय साहको हजुरआमा ८० बर्षिय राधिका देवी कनुईनको चैत १० गते बिहिबार राती असामयिक निधन भएको संगठनले जनाएको छ । त्यसैगरी बाराको बरागढी गाउँपालिका वडा नं.१ पिपरा बसतपुर (पिपरा) निवासी नेपाल पत्रकार महासंघ पर्साका सह–सचिव एवं ग्यालेक्सी टेलिभिजनका पर्सा संवाददाता जियालाल साहका बुवा ५६ बर्षिय लक्ष्मण साह कानुको चैत २ गते असामयिक निधन भएको संगठनले जनाएको छ ।त्यसैगरी, वीरगंज महानगरपालिकाको वडा नं. १६ बाईपास गणेश टोल निवासी समाजवादी प्रेस संगठन नेपाल पर्साका सलाहकार संजय साहको मामतामयी आमा ८७ बर्षिय पार्वती देवीको फागुन ९ गते निधन भएको थियो ।त्यसैगरी, वीरगंज महानगरपालिकाको वडा नं. १५ लक्ष्मुणवा निवासी राष्ट्रिय दलित पत्रकार संघ पर्साका अध्यक्ष एवम् समाजवादी प्रेस संगठन नेपाल पर्साका सदस्य श्याम पासवानको मामतामयी आमा ६५ बर्षिय लक्ष्मी देवीको फागुन २० गते निधन भएको थियो ।स्वर्गिय पांचै जनाको निधन प्रति वीरगंज संजाल दुःख व्यक्त गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्नुका साथै वहाँहरुको दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा ईश्वरले धैर्य धारण गर्न शक्ति प्रदान गरुन भन्दै गहिरो समवेदना प्रकट गरेको छ ।

# जिवन ज्योति स्कुलको बार्षिकोत्सव कार्यक्रम सम्पन्न



अजित कुमार

जीवन ज्योति बोडिङ्ग स्कुलको बार्षिकोत्सव कार्यक्रम भब्य रुपमा सम्पन्न भएको छ । स्कुलका डाईरेक्टर मिनाक्षि गुप्ताको अध्यक्षतामा तथा वीरगंज स्थित भारतीय महाबाणिज्य दूतावासका कन्सुलर शैलेन्द्र कुमारको प्रमुख आतिथ्यमा सो बार्षिकोत्सव वीरगंजको आदर्शनगरस्थित टाउन हलमा भब्य रुपमा विभिन्न कार्यक्रम गरि मनाईएको थियो ।उक्त कार्यक्रममा स्कुललाई विभिन्न माध्यमबाट सहयोग, सल्लाह र सुझाव प्रदान गर्ने विभिन्न व्यक्तित्वलाई सम्मान समेत गरिएको थियो ।बार्षिकोत्सवको अवसरमा सो स्कुलमा अध्ययनरत कक्षा १० का छात्रा सृजना चौधरी यस बर्षको




उत्कृष्ट विद्यार्थीको अवार्ड पाउन सफल भएका थिए । त्यसैगरि नर्सरि देखि कक्षा ९ का विद्यार्थीहरुद्वारा नृत्य, गायन प्रस्तुत गरेर मनोरञ्जन गरेका थिए ।सो कार्यक्रम स्कुलका प्रिन्सपिल शिवजि गुप्ता, नुतन सरावगि, अनिमिका पुजारि, पंकज अग्रवाल, नेशनल ईन्फोटेक कलेजका मेनेजिङ्ग डाईरेक्टर मनिष सिंह, समाजसेवी पशुपति बिक्रम शाह, श्रीमती उषा शाह, मधु राणा, पत्रकार राम शरार्फ, गुड्डु जोशी, रेणुका गिरि, शशि गिरि, अजित भुजेल, संतोषमान रन्जितकार लगायत अभिभावक र विद्यार्थीहरुको बाक्लो उपस्थिति रहेको थियो । कार्यक्रम सन्चालन सन्चारकर्मि उज्वल घिमिरेले गरेका थिए ।

# राजेशमान सिंहद्वारा टिपटोप सेकुवा हाउसको उद्घाटन सम्पन्न

दिनेश यादव , वीरगंज ।

बाइपास रोड पिपरा स्पर्ष हस्पिटल नजिक टिपटोप सेकुवा हाउसको उद्घाटन सम्पन्न भएको छ। वीरगन्ज महानगरबाट स्थानिय चुनावमा जसपाका उमेदवार राजेशमान सिंहले टिपटोप सेकुवा हाउसको उद्घाटन गर्नुभएको छ । राजेशमान सिंहले टिपटोप सेकुवा हाउसको उद्घाटन गर्दै युवाहरु विदेश जानेक्रम बढदै छ येस्तो समयमा वीरगन्जका स्थानीय युवाहरू आफनै ठाउँमा केहिगरिखने प्रेरणाको सवरुप यो टिपटोप सेकुवा हाउस एउटा प्रेरणा बन्ने छ सथै ब्यापारमा उनति प्रगतिको कामना गर्नु भयो। टिपटोप सेकुवा हाउस वीरगन्जमा आफ्नो



छुट्टै विशेषता रहेको शय्यामा रौनियारले बताउनु भएको छ । सेकुवा हाउसमा जन्मदिनको पार्टी , मिटिङ , गेट-टुगेदर आदिको लागि अनुकुल वातावरण रहेको शय्याम रौनियारले बताए । मासुजन्य सबैप्रकार्को परिकारको बेवस्ता रहेको छ ।

# ब्रह्माकुमारी राजयोग पाठशाला लक्षमनवाद्वारा आध्यात्मिक प्रवचन एवं शिवझण्डोत्तोलन समारोह सम्पन्न

न्युज डेस्क, वीरगंज ।

८६ औं त्रिमूर्ति शिवजयन्ति महोत्सव अन्तर्गत वीरगंज क्षेत्र अन्तर्गतको ब्रह्माकुमारी राजयोग पाठशाला लक्षमनवाद्वारा क्षेत्रिय निर्देशक राजयोगिनी ब्रह्माकुमारी रविना दिदीको अध्यक्षता तथा लोसपाका पर्सा जिल्ला अध्यक्ष पूरूषोत्तम लाल झाको प्रमुख आतिथ्यमा एक आध्यात्मिक प्रवचन एवं शिवझण्डोत्तोलन समारोह अत्यन्तै सुखद् तवरमा सुसम्पन्न भएको छ। लक्षमनवाको ब्रह्माकुमारी पाठशालाको प्रांगणमा आयोजित सो समारोहमा प्रमुख अतिथि झा ब्रह्माकुमारी संस्थाद्वारा आयोजित यस प्रकारका कार्यक्रम कुनै धार्मिक




प्रवचन मात्र नभई मानवलाई सतचरित्रवान बनाइ समाजमा शान्ति कायम गराउने बहुमूल्य प्रशिक्षण भएको बताउनु भयो । त्यसै गरी नेकाका जिल्ला महाधिवेशन प्नतिनिधि देवनाथ उपाध्यायले यथार्थ अनुभव साझा गर्नुहुँदै संस्थाको आध्यात्मिक ज्ञानको अनुशरण गरी कयौं मादक एवं लागुपदार्थको चपेटामा परी विकृति-विसंगतिको भुमरिमा होमिएका युवाहरुको जीवनमा आमूल सकारात्मक परिवर्तन आएको र अन्य युवाहरुको आदर्श बन्न सफल भएको समेत बताउनु भयो । वडा नं १५ का वडाध्यक्ष गजेन्द्र प्रसाद पटेल, जसपा जिल्ला सदस्य रमेश प्र. यादव, वडा नं १४ का कार्यवाहक अध्यक्ष गायत्रीदेवी पटेल, वडाका एमाले वुथ सभापति गगनदेव प्रापटेल, ईन्जिनियर बद्री प्रसाद झा, मिडियाकर्मीहरू लगायत नगरका प्रतिष्ठित व्यक्तित्वहरुको उत्साहपूर्ण सहभागिता रहेको उक्त कार्यक्रमको सहजीकरण ब्रह्माकुमारी सबिताले गरेकी थिईन भने आध्यात्मिक ज्ञानको सचित्र वर्णन ब्रह्कुमारि सरस्वतीको रह्यो। सो अवसरमा महाशिवरात्रिको आध्यात्मिक रहस्य छपकैया सेवा केन्द्रकी सञ्चालिका ब्रह्माकुमारी बेली दिदीले तथा संस्थाको संक्षिप्त ईतिहाँस ब्रह्माकुमार गोकुल गुभाजूले प्रस्तुत गरे भने स्वागत मन्तव्य ब्रकु रामकुमारी, सेवा विवरण ब्रकु गोवर्धन चौधरी तथा धन्यवाद ज्ञापन ब्रकु गोपिनीले प्रस्तुत गरेकी थिईन । कार्यक्रम पश्चात पाठशालाको भवनमा परमज्योति शिव परमात्माको चिन्ह अंकित शिवध्वजारोहण एवं केक कटिंग समेत गरिएको थियो ।

मो.सा चलाउँदा हेल्मेटको अनिवार्य प्रयोग गरौं ।

वीरगंज महानगरपालिकाको सूचना

सार्वजनिक यातयातका साधनहरूमा महिला, अपांग तथा ज्येष्ठ नागरिकहरूको लागिआरक्षित सिट राख्नु पर्ने व्यवस्था बमोजिम वीरगंज महानगर क्षेत्र भित्र संचालितसार्वजनिक सवारीहरूमा सो व्यवस्था गर्न सम्बन्धित सवैमा सूचित गरिन्छ । साथै सो व्यवस्थाको पालना नगरिएको पाइएमा कानुन बमोजिम कार्वाही गर्ने समेत जानकारी गराईन्छ ।

बीरगंज महानगरपालिका, पर्सा